मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान ,काभ्रे ।
( प्रकाशित मिति: २०७८।०२।२७)

## भैसींको पाडी र गाईको बाछीको दर रेट (मूल्य) पेश गर्ने सम्बन्धी सूचना ।

यस नगरपालिकाको आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा भैसीको पाडी र गाईको बाछी खरिदका लागि किसानहरुलाई अनुदान वितरण गरिने हुनाले तपसिलमा उल्लेखित प्राविधिक स्पेशिफिकेशन अनुसारको पाडी र बाछी के कति मूल्य (दर,रेट) मा यस नगरपालिकाको वडा केन्द्रहरुसम्म ल्याएर वितरण गर्न सकिन्छ सो को मूल्य (दर ,रेट) सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्रमा नगरपालिकाको कार्यालयमा पेश गर्न हुन पाडी तथा बाछी उपलब्ध गराउन इच्छुक व्यक्ति, कृषि फर्म तथा सप्लायर्सहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### १. प्राबिधिक स्पेसिफिकेशन

क. भैसीको पाडी

५० प्रतिशत मुर्रा क्रस गुण भएको , कम्तीमा १.५ बर्ष उमेर पुगेको ,शरीरिक विकृति नभएको ,उचाई अगाडिको खुट्टाबाट १.१५ मिटर हुनुपर्ने, चारै थुन प्रष्ट देखिने, न्यूनतम १५० के.जी. तौल भएको ,आवश्यक खोप नियमित रुपमा लगाइएको, स्वस्थ्य निरोगी र तन्दुरुस्त हुनुपर्ने ।

ख. गाईको बाछी

५० प्रतिशत जर्सि/होलिस्टेन क्रस गुण भएको, कम्तीमा १.५ बर्ष उमेर पुगेको, शरिरिक विकृति नभएको, उचाई अगाडिको खुट्टाबाट १.१० मिटर हुनुपर्ने, चारै थुन प्रष्ट देखिने, न्यूनतम १५० के.जी. तौल भएको, आवश्यक खोप नियमित रुपमा लगाइएको, स्वस्थ्य निरोगी र तन्दुरुस्त हुनुपर्ने ।

पुनश्च: प्राविधिक स्पेसिफिकेसन सहितको विस्तृत सूचना, खरिद हुन सक्ने सम्भावित परिमाण र दररेट पेश गर्ने फारामको नमुना यस कार्यालयको वेबसाइटमा राखिएको छ। E-mail मार्फत दररेट (मूल्य) पेश गर्ने बिक्रेताहरुले यस न.पा.को mail address: (*mandandeupurmu@gmail.com* ) मा पठाउन सक्नु हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

# भैसीको पाडी/थोरे खरिदका लागी स्वीकृत स्पेसिफिकेशन।

१) मुर्रा कस जातको कम्तीमा ५० % गुण भएको हनुपर्ने छ।
२) उमेर कम्तीमा १.५वर्ष पुरा भएको हुनु पर्नेछ।
३) कुनै किसिमको शारिरीक विकृती नभएको हुनु पर्नेछ।
४) पाडी/थोरेको उचाई अगाडीको खुट्टा भुई देखी जुरो सम्मको उचाई १ मिटर १५ से.मी. भएको हुनु पर्नेछ।
५) दुईवटा स्थाई दाँत भएको हुनु पर्नेछ।
६) चारै वटा थुन प्रष्ट देखिने हुनु पर्नेछ।
७) शारिरीक तौल न्यूनतम १५० के.जी.हुनु पर्नेछ।
८) आवश्यक खोप (खोरेत,एच.एस/वि.क्यू)लगाएको स्वस्थ्य प्रमाणपत्र पेश गर्नु पर्नेछ।
९) पाडी/थोरेहरु नगरपालिकाले तोकेको प्राविधिकवाट स्वास्थ्य परिक्षण गरी तोकिएको मापदण्ड नपुगेको अवस्थामा पाडीहरु वुझ्न नगरपालिका बाध्य हुने छैन।
१०) पाडी/थोरेहरु मण्डनदेउपुर नगरपालिकाले तोकिएको स्थान सम्म ढुवानीको व्यवस्था गर्नु पर्नेछ।
११) सम्झौता भएको मितिले ७ दिनभित्र सम्पुर्ण पाडीहरु बुझाई सक्नु पर्नेछ।
१२) पाडी/थोरे संकलन स्थलमा जम्मागरि १ दिन राखे पछी मात्र प्राविधिक समितिले स्वास्थ्य परिक्षण गरि उपयुक्त पाडी छनौट गर्नेछ।
१३) वितरित पाडीको वीमालेख कियाशिल नभए सम्म कुनै क्षति भएमा सम्वन्धीत सप्लायर्सको नै जिम्वारी रहनेछ।
१४) पाडी/थोरे ढुवानी गर्दा पशु ढुवानी मापदण्ड पूर्ण पालना गरि ल्याउनु पर्नेछ।
१५) यस सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ।

तयार गर्ने
2078/12/26
धुब प्रसाव पराजुली
संयोजक, पशुपन्छी शाखा

2078/12/26
प्रमुख प्रशासकीय अधिकृत

E-mail: mandandeupurmu@gmail.com, Website: mandandeupurmun.gov.np

मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal

# गाईको बाछी खरिदका लागी स्वीकृत स्पेसिफिकेशन ।

१. जर्सि / होलिस्टिन क्रस जातको कम्तीमा ५० % गुण भएको हुनु पर्नेछ ।
२. उमेर कम्तीमा १.५वर्ष पुरा भएको हुनु पर्नेछ ।
३.कुनै किसिमको शारिरीक विकृती नभएको हुनु पर्नेछ ।
४. बाछीको उचाई अगाडीको खुट्टा भुई देखी जुरो सम्मको उचाई १ मिटर १५ से.मी. भएको हुनु पर्नेछ ।
५. दुईवटा स्थाई दाँत भएको हुनु पर्नेछ ।
६. चारै वटा थुन प्रष्ट देखिने हुनु पर्नेछ ।
७. शारिरीक तौल न्यूनतम १५० के.जी.हुनु पर्नेछ ।
८.आवश्यक खोप (खोरेत,एच.एस/वि.क्यू)लगाएको स्वस्थ्य प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
९. बाछीहरु नगरपालिकाले तोकेको प्राविधिकवाट स्वास्थ्य परिक्षण गरी तोकिएको मापदण्ड नपुगेको अवस्थामा पाडीहरु वुझ्न नगरपालिका वाध्य हुने छैन ।
१०. बाछीहरु मण्डनदेउपुर नगरपालिकाले तोकिएको स्थान सम्म ढुवानीको व्यवस्था गर्नु पर्नेछ ।
११.सम्झौता भएको मितिले ७ दिनभित्र सम्पुर्ण बाछीहरु बुझाई सक्नु पर्नेछ ।
१२. बाछी संकलन स्थलमा जम्मागरि १ दिन राखे पछी मात्र प्राविधिक समितिले स्वास्थ्य परिक्षण गरि उपयुक्त बाछी छनौट गर्नेछ ।
१३.वितरित बाछीको वीमालेख क्रियाशिल नभए सम्म कुनै क्षति भएमा सम्वन्धीत सप्लायर्सको नै जिम्वारी रहनेछ ।
१४ . बाछी ढुवानी गर्दा पशु ढुवानी मापदण्ड पूर्ण पालना गरि ल्याउनु पर्नेछ ।
१५. यस सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

तयार गर्ने
२०८८/१२/२६
ध्रुब प्रसाद पराजुली
संयोजक , पशुपन्छी शाखा

२०८८/१२/२६
प्रमुख प्रशासकीय अधिकृत